# जडीबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना (२०८१-८६)

"जडीबुटीमा साझा लगानीको सार, आर्थिक समृद्धिको मुख्य आधार"













**स्रोतः** *जडीबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना तर्जुमा कार्यशालाका क्रममा कार्यदलले गरेको प्राथमिकीकरण, २०८१*

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदुपश्चिम प्रदेश, नेपाल

**प्रकाशक:**
हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुदुपश्चिम प्रदेश, नेपाल

## जडीबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना (२०८१-८६)

सर्वाधिकार : हिमाली गाउँपालिका

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१ असोज .२३

बेव साइट: www. https://himalimun.gov.np/

इमेल: info@himalmun.gov.np

सम्पर्क मोबाइल नं.: ९८५६०७७५२३ (प्रमुख प्रशासकीय अधिकृत)

**परामर्श सेवा:** नेपाल ट्रेनिङ एन्ड रिसर्च प्रा. लि., नेपालगन्ज, बाँके
इमेल: ntrpvtltd@gmail.com

**विज्ञ :** हरिप्रसाद सुवेदी, मोबाइल. नं. ९८५८०२३०५४

**आर्थिक तथा प्राविधिक सहयोग:**

GIZ/Green Resilient Agricultural Productive Ecosystem (GRAPE)
जि.आइ.जेड.द्वारा सञ्चालित जलवायु उत्थानशिल कृषि (ग्रेप) परियोजना

# हिमाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### धुलाचौर, बाजुरा
### सुदूरपश्चिम प्रदेश, नेपाल

# हाम्रो भनाई

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ मा उल्लेखित अधिकार र स्थानीय सरकार सञ्चालन ऐनले गरेको व्यवस्था अनुरुप स्थानीय सरकारले आफ्नो क्षेत्राधिकार भित्र रहि ऐन, नियम, नीति, रणनीति, कार्यविधि, निर्देशिका र योजनाहरु तर्जुमा गरी लागू गरी रहेका छन् । स्थानीय सरकारकोरुपमा रहेको हिमाली गाउँपालिकाले पनि गाउँवासीलाई सुधारिएको सेवा दिन र आर्थिकरुपले सबल बनाउन स्थानीय सरकार गठन भएपश्चात भरमग्दुर प्रयास गर्दै आएको छ ।



गोबिन्द बहादुर मल्ल
अध्यक्ष

प्रकृतिको उपहार जडीबुटी गाउँपालिकाको सबैभन्दा ठूलो कारोबार क्षेत्र हो भनेर बुझ्दाबुझ्दै पनि यसबाट न त स्थानीय सरकारले उठ्नु पर्ने राजस्व उठाउन सकेको छ, न त स्थानीय जनताले उचित आम्दानी गर्न सकेका छन् । यसै परिप्रेक्ष्यमा जडीबुटी संकलन र बजारीकरणको परम्परागत अभ्यासबाट भएका सिकाइ, विभिन्न अध्ययनका सिफारिस र विद्यमान आवश्यकताको आधारमा यो क्षेत्रलाई व्यवस्थित बनाउनका लागि **'जडीबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना -२०८१'** तर्जुमा गरिएको छ । यसले जडीबुटी क्षेत्रको दूरदृष्टि, दूरगामी लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, क्रियाकल शाप र यसमा लाग्ने बजेटका बारेमा समेत प्रट्याएको छ । तेह्र शीर्षकमा विभाजन गरी अन्तिमरुप दिइएको यो रणनीति तथा कार्य योजना तयार गर्न खेल्नु भएको भूमिकाकालागि रणनीति तथा कार्ययोजना तजुमा कार्यदललाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।



राजकला सार्की
उपाध्यक्ष

त्यसैगरी रणनीति तर्जुमा प्रकृयामा विज्ञ परामर्शदाताकोरुपमा छनौट भई समयमा कार्य सम्पन्न गर्नु भएका नेपाल ट्रेनिङ एण्ड रिसर्च प्र.लि.का प्रबन्ध निर्देशक श्री हरिप्रसाद सुवेदीलाई पनि धन्यवाद दिन चाहन्छौं । जडीबुटीको दिगो व्यवस्थापनबारेको स्थानीय सरकारको सोँचलाई सार्थक बनाउन आवश्यक सहयोग गर्नु हुने जिआइजेड/ग्रेप परियोजनालाई हामी सम्झन चाहन्छौं ।



राज बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

अन्तमा, यो रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न हिमाली गाउँ पालिकाबासी, स्थानीय सरोकारवालाहरु र साझेदारहरुबाट सदा झै सहयोग प्राप्त हुने कुरामा हामी विश्वस्त छौं ।

**धन्यवाद ।**

# विषयसूची


१. पृष्ठभूमि ........................................................................१

२. विद्यमान अवस्थाको विश्लेषण र सिकाइ........................................१

३. अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय प्रतिबद्धताहरु ........................................ ४

४. नयाँ रणनीति तथा कार्ययोजनाको आवश्यकता र तर्जुमा प्रकृया.............................५

४.१. नयाँ रणनीति तथा कार्ययोजना तर्जुमाको आवश्यकता ..................................५

४.२. नयाँ रणनीति तथा कार्ययोजना तर्जुमा प्रकृया...........................................५

५. दूरदृष्टि, दूरगामी लक्ष्य र उद्देश्यहरु................................................७

६. उद्देश्यसँग सम्बन्धित रणनीतिहरु.......................................................७

७. रणनीति कार्यान्वयन नीतिहरू (कार्यनीतिहरु)............................................ ८

८. रणनीति कार्यान्वयन कार्ययोजना......................................................९

९. रणनीति तथा कार्ययोजनाको अवधि र मूल्याङ्कनका सूचकहरु .................................१४

१०. संस्थागत संरचना र जिम्मेवारीहरु ....................................................१५

११. स्रोत परिचालन र बजेट व्यवस्थापन...................................................१७

१२. संभावित जोखिम र जोखिम व्यवस्थापन योजना .........................................१७

१३. विविध...............................................................................१९

अनुसूची १: हिमाली गाउँपालिकामा उत्पादन र निकासी गर्न सकिने जडीबुटीहरुको प्राथमिकीकरण ..... २०

सन्दर्भ सामग्रीहरु.......................................................................२१

हिमाली गाउँपालिकामा पाइने जडिबुटीहरु .......................................................२२

## १. पृष्ठभूमि

नेपाल जैविक विविधताको दृष्टिकोणले सम्पन्न मुलुक हो । यहाँका वनस्पति र वन्यजन्तुको प्रजातिगत विविधता, वन र पारिस्थितिकीय विविधता र अनुबांशिक स्रोतको प्रचुरता विश्वमै अद्वितीय र दुर्लभ मानिन्छ । महत्वपूर्ण प्राकृतिक सम्पदाको रुपमा रहेको वन तथा बुट्यानले नेपालको कूल भूभागको ४४.७४ प्रतिशत[१] क्षेत्र ओगटेको छ । यीनीहरुको समुचित व्यवस्थापनबाट स्थानीय जनताको जीविकोपार्जन, अर्थतन्त्र र पर्यापर्यटनमा टेवा पुगेको छ । वातावरणीय प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन तथा हरियाली प्रवर्द्धन गरी स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संविधान प्रदत्त मौलिक हकको प्रत्याभूत गर्न यसले ठूलो योगदान गरेको छ । त्यसका साथै देशको कुल वन क्षेत्रमध्ये ४० प्रतिशत[१] वन स्थानीय वन उपभोक्ता समूहहरुमार्फत व्यवस्थापन हुनुले प्राकृतिक सम्पदाको संरक्षणमा स्थानीयले अपनत्व लिएको पाइन्छ ।

नेपालमा संघीय व्यवस्था लागू भएदेखि स्थानीय प्राकृतिक सम्पदाको संरक्षण र दिगो प्रयोगमा स्थानीय सरकारहरुको भूमिका झनै महत्वपूर्ण बन्दै आएको परिप्रेक्ष्यमा हिमाली गाउँपालिकाले पनि सो जिम्मेवारीलाई गहन रुपमा लिएको छ । स्थानीय सरकारहरु परम्परा देखि गर्दै आएको जडीबुटी संकलन र बजारीकरणको कार्यलाई अझ फराकिलो र दिगो बनाउने प्रयासमा लागेका छन् । यसैबिच समय समयमा भएका छलफलका आधारमा हिमाली गाउँपालिकाले पनि जडिबुटीको प्रभावकारी व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, परिच्छेद ३, गाउँ तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको दफा ११ (झ) को १ मा उल्लेखित अधिकारको प्रयोग गरी 'जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन तथा बजारीकरण रणनीति तथा कार्ययोजना २०८१-८६' तर्जुमा गरी कार्यान्वयन थालेको छ ।

## २. विद्यमान अवस्थाको विश्लेषण र सिकाइ

स्थानीय जनताहरुले मौसम अनुसार वनबाट विभिन्न जटिबुटीहरु संकलन र बेचबिखन गरी जीविकोपार्जन चलाई रहेका छन् । स्थानीय र निजी क्षेत्रका बाह्य जिल्लाबाट आउने व्यापारीहरुको मिलोमतोमा जडिबुटीको कारोबार हुने गरेको छ । संकलन कार्य व्यवस्थित हुन सकेको छैन जसका कारण कतिपय जडीबुटी लोप भएका छन् भने कति लोपोन्मुख छन् । संकलकहरुका लागि उचित तालिमको व्यवस्था छैन, न त उनीहरुले नियमानुसार जडीबुटीको संकलन गरे/गरेनन् निरिक्षण गर्ने संयन्त्र नै छ । औसतमा २,१२० कुन्टल[२] जडबिुटी उत्पादन हुने हिमाली गाउँपालिकामा ४,००० के.जी. को निकासी पूर्जा थमाइने गरेको छ । यसबाट योजनावद्धरुपमा कम उत्पादन भएको देखाउने र चोर बाटोबाट जडबिुटी संकलन गर्ने र निकासी गर्नेहरु सक्रिय छन् ।[३]

---

[१] *नेपालको वन तथा वातावरण क्षेत्र सुधार कार्ययोजना, २०७८, पृष्ठ २ ।*

[२] *जडीबुटी उत्पादन, प्रवर्द्धन र बजारीकरणका लागि हिमाली गाउँपालिकाले जिआइजेड ग्रेप परियोजनालाई पेश गरेको परियोजना प्रस्ताव, २०८०, पृष्ठ ७ ।*

[३] *जडीकुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना तर्जुमा कार्यशालाका कार्यदलका सदस्यहरुसँग गरिएका छलफलको निश्कर्ष ।*

बार्षिक २० करोड बढीको आर्थिक कारोबार हुने यो क्षेत्रको उचित व्यवस्थापनमा स्थानीय सरकारले केही प्रयास गरेको भए पनि अपर्याप्त महशुस गरिएको छ । सबै वडामा जडीबुटीको खेती हुन सक्ने भए पनि वडा नं. १, २ र ३ मा मात्र धेरैको ध्यान केन्द्रित छ । २०८१ को घरधुरी सर्भेक्षण अनुसार पालिकामा बसोबास गर्ने २,१६१ घरधुरीमध्ये वडा नं १ का २२५, वडा नं. २ का २३४ घर, वडा नं. ३ का १७० घर, वडा नं. ५ का २५० घर र वडा नं. ६ का १५० घर गरी जम्मा १०२९ घरले मौसम अनुसारका जडीबुटी संकलन गरेर बेच बिखन गरेका छन्[४] । स्थानीय सरकारले संविधानको अनुसूची ९ (साझा अधिकारको बुँदा नं. ८ र स्थानीय सरकार सञ्चालन ऐन २०७४, दफा ११ को उपदफा (४) ट अनुसार प्राकृतिक स्रोतबाट नियमानुसारको रोयल्टी उठाउन सकेको छैन । गाउँपालिकालाई आउनु पर्ने स्थानीय युवाहरुका लागि अपेक्षित रोजगारी सिर्जना गर्न नसकेको अवस्था छ । समग्ररुपमा हेर्दा जडबिुटीको उचित व्यवस्थापन गर्न पालिकाले निम्न चुनौतिहरुको सामना गरिरहेको छः

- रणनीति तथा कार्ययोजनाको अभाव,
- सर्वसाधारणमा स्थानीय सरकारको अगुवाइमा जडबिुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरण गरे हालको भन्दा बढी आम्दानी गर्न सकिन्छ भन्ने बुझाइको कमी,
- उचित स्थानमा आवश्यक पूर्वाधार र सुरक्षा व्यवस्था सहितका घाटगद्दी (संकलन तथा बिक्री केन्द्र) को कमी,
- बाह्य व्यापारीको कम मूल्यमा बढी फाइदा लिने दाउ र स्थानीयहरुले तत्कालै पाउने नगदमात्र आम्दानी भन्ने साँघुरो बुझाईका कारण उत्पन्न व्यपस्थापकीय जटिलता,
- सरोकारवालाहरुबीच प्रभावकारी समन्वय तथा सहकार्यको अभाव,
- अध्ययन, अनुसन्धान र आवश्यक सूचना, शिक्षा तथा सन्दर्भ सामग्री र सुरक्षा सामग्रीको अभाव,
- संकलन भएको र बिक्री गरेको जडीबुटीको तथ्याङ्क सङ्कलन, अभिलेखिकरण र अद्यावधिकीकरणको अभाव

उल्लेखित चुनौतिका बावजुद हिमाली गाउँपालिकालाई प्रकृतिले उपहार दिएको जडीबुटीको उचित व्यवस्थापनका लागि निम्न अवसर रहेका छन् :

- संविधान प्रदत्त स्थानीय सरकारको अधिकार प्रयोग गर्न सकिने,

[४] *सूचना तथा जानकारी प्रमाणीकरण तथा सुझाव संकलन कार्यशालाका सहभागीहरुसँग भएको छलफल २०८१ ।*

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (झ) को १ मा व्यवस्था भए बमोजिम स्थानीय तहले नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्ने,
- स्थानीय सरकारको बार्षिक नीति तथा कार्यक्रम र बजेटले समस्या सम्बोधन गर्न सकिने,
- स्थानीय सरोकारवाला र बाह्य साझेदारहरुसँग सहकार्य गर्न सकिने,
- सामुदायिक सङ्गठनहरू र कृषकहरु परिचालन गर्न सकिने,
- उचित भौतिक पूर्वाधारको विकास र विकसित प्रविधिको सदुपयोग गर्न सकिने ।

समस्या परेमा मात्र स्थानीय सरकारलाई गुहार्ने अभ्यासले जडीबुटी संकलन र बजारीकरणको कार्य व्यवस्थित हुन सकेको पनि छैन् । समग्रमा जडीबुटीको व्यवस्थापनको विद्यमान अभ्यासबाट निम्न सिकाइ भएको छः

- गाउँपालिकामा हुने आर्थिक कारोबारमध्ये जडीबुटी सबैभन्दा ठूलो धनराशीको कारोबार हुने क्षेत्र हो । यसबारे स्थानीय कृषक, व्यापारी, जनसमुदाय र सबै सरोकारवालाहरुमा अझ प्रष्ट चेतना र आर्थिक महत्व बुझाएर जनतालाई व्यवसायिक उत्पादन र संरक्षणमा सहभागी गराउदै  स्थानीय आर्थिक समृद्धि हासिल गर्न सकिन्छ ।
- नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४, पालिकाको भूमि ऐन २०७८, वन ऐन २०७८, कृषि ऐन २०७८ र उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७४ मा भएको व्यवस्था अनुरुप स्थानीय सरकारले प्रभावकारीरुपमा नीति तथा निर्णयहरु कार्यान्वयन गरेमा गाउँपालिकाको राजस्व ह्वात्तै बढ्ने र संकलन हुने राजस्वबाट नै जडीबुटी क्षेत्रको विकासका लागि लगानी गर्ने रकमको जोहो गर्न सकिन्छ ।
- काँकडसिला, च्याउ लगायतका केही जडीबुटीहरु लोपन्मुख हुँदै गएकोले स्थानीय जनतालाई बुझाएर समयमा संरक्षण गर्नु आवश्यक छ । अन्यथा हाल भैरहेको आम्दानी पनि गुमाउनु पर्ने हुन्छ ।
- जडीबुटीको कारोबारबाट उपयुक्त राजस्व संकलनका लागि जडीबुटी उत्पादन हुने मात्राका आधारमा जिल्ला बन कार्यालयबाट निकासी पूर्जी लिन र पालिका भित्रको उपयुक्त स्थानमा घाटगद्दी तोक्न पालिकाले पहल र पैरवी गर्नु पर्दछ ।
- उत्खनन् गर्ने व्यक्तिलाई लाइसेन्स दिने, संरक्षण क्षेत्र भित्रबाट आफूखुशी बेच्न नपाइने, पालिकाले तोकेको स्थानमा न्यूनतम मूल्य नघट्ने गरी किनबेच गर्ने गर्न सके उत्खनन्मा संलग्नले र स्थानीय पालिकाले बढी लाभ लिन सक्छन् ।
- वास्तविका उत्पादक र संरक्षणकर्ता कृषकहरुलाई मात्र सहयोग पुग्ने गरी जडीबुटी उत्पादन र संरक्षण गरेको प्रमाणीकरण गरेको आधारमा अनुदान दिने व्यवस्था गर्नु आवश्यक छ ।

- जडीबुटीको उत्पादन, संरक्षण र संकलनबारे तालिम प्राप्त व्यक्तिहरुले कार्य गरे वा नगरेको अनुगमन गर्नु आवश्यक छ । साथै आगामी दिनमा प्रष्ट आधारहरु बनाएर मात्र सहभागी छान्ने, छानेका सहभागीले जडीबुटी उत्पादन गर्छन् भन्ने निश्चित गरेर मात्र तालिममा सहभागी गराउने र अनुदान दिने व्यवस्था मिलाएमा लगानीको सदुपयोग हुन सक्छ ।

- भौतिक संरचनाहरु निर्माणका लागि गरिने विस्तृत संभाव्यता अध्ययनमा प्रस्तावित संरचनाको दिगो प्रयोग सुनिश्चित गर्न सामुदायिक सहभागिता र उपयोगको वैकल्पिक क्षेत्र समेत पहिचान गरेमा लगानी गरिएका संरचनाहरुबाट नियमितरुपमा लाभ लिन सकिन्छ ।

## ३. अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय प्रतिबद्धताहरु

नेपालले सन् २०३० सम्म दिगो विकासका राष्ट्रिय लक्ष्यहरु हासिल गर्ने प्रतिबद्धता जनाएको छ । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिको पक्षराष्ट्र भई जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय क्षेत्रमा प्राप्त अवसरहरुलाई राष्ट्रिय आवश्यकता अनुरुप सदुपयोग गर्ने प्रयासहरु जारी राखेको छ । विभिन्न पूर्वाधारहरुको विकासका कारण वातावरणमा पर्न जाने प्रतिकूल असर न्यूनीकरण गर्न वि.सं. २०५३ मा वातावरण संरक्षण ऐन र वि.सं. २०५४ मा वातावरण संरक्षण नियमावली जारी भएको लागू भएको पाइन्छ ।

पन्ध्रौं आवधिक योजना (२०७६/७७ -२०८०/८१) ले परिकल्पना गरेको **'समृद्ध नेपाल, सुखी नेपाली'**को दीर्घकालिन सोचलाई हासिल गर्न दीर्घकालिन राष्ट्रिय लक्ष्यहरुमा वन तथा वातारण संरक्षणका क्षेत्र लक्ष्यहरु समेटिएको छ । सोहौं आवधिक योजना (२०८१/८२-२०८५/८६) को पहिलो प्राथमिकताको क्षेत्रमा कृषि, वन तथा मत्स्यपालन उल्लेख छ । वन र जैविक विविधताको संरक्षण र उचित प्रयोगमार्फत समृद्धिमा योगदान पुऱ्याउने गरी लक्ष्यहरु तोकिएका छन् भने वातावरण, जलवायु परिवर्तन व्यवस्थापनलाई अन्तरसम्बन्धित विषयका लक्ष्य भनि निर्दिष्ट गरिएको छ ।

खासगरेर संघीय व्यवस्था लागू भएपश्चात वि.सं. २०७१ मा वन नीति २०७१ जारी गरियो जसमा दिगो वन व्यवस्थापन, समुदायद्वारा व्यवस्थित वन, हरित रोजगारी, सुशासनका साथै वातावरणीय सेवाको न्यायोचित वितरण तथा जलवायु परिवर्तन जस्ता नवीनतम विषयहरुलाई वन क्षेत्रको प्राथमिकताको रुपमा समावेश थिए । वि.सं. २०७२ मा वन क्षेत्रको रणनीति सन् २०१६-२०२५ जारी गरियो जसमा वन क्षेत्रले हासिल गर्नु पर्ने विभिन्न उपलब्धिहरुलाई समय सिमा सहितको लक्ष्य निर्धारण गरियो । परिवर्तित सन्दर्भमा वन ऐन २०४९ लाई विस्थापन गर्दै वन ऐन २०७६ कार्यान्वयनमा छ । नेपालको राज्य संरचना परिवर्तनको सन्दर्भमा नेपालको संविधानले व्यवस्था गरेको कार्याक्षेत्र अनुरुप वन, जैविक विविधता, भू-संरक्षण, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी व्यवस्थालई तीनै तहबाट आपसी सहयोग, समन्वय र सहकार्यमा कार्यान्वयन गर्न संघ, प्रदेह र स्थानीय तहको भूमिका सहितको राष्ट्रिय वन नीति २०७५, राष्ट्रिय वातावरण नीति २०७६ र राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ जारी गरिएको छ ।

जलवायु परिवर्तन तथा वातावरण संरक्षण जस्ता अन्तरसम्बन्धित विषयहरुलाई तीने तहका सरकारले उच्च महत्व दिँदै आएको पाइन्छ । विश्व संरक्षण नीति सन् १९८० लाई परिमार्जन गरी सन् २०१५ मा दिगो विकासका लागि प्रकृति संरक्षणको राष्ट्रिय रणनीतिक प्रारुप कार्यान्वयनमा छ ।

# ४. नयाँ रणनीति तथा कार्ययोजनाको आवश्यकता र तर्जुमा प्रकृया

## ४.१. नयाँ रणनीति तथा कार्ययोजना तर्जुमाको आवश्यकता

विद्यमान नेपालको संविधान २०७२ ले प्राकृतिक स्रोतको संरक्षण र दिगो प्रयोग सुनिश्चित गर्नु तीनै तहका सरकारको अधिकार क्षेत्र भनि उल्लेख गरेको छ । त्यसैगरी नेपाल पक्ष भई गरेका अन्तर्राष्ट्रिय सन्धी, सम्झौता एवम् प्रतिबद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएका प्रावधान, गाउँपालिकाको भूमि ऐन २०७८, वन ऐन २०७८, कृषि ऐन २०७८ र उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७४ मा भएका व्यवस्थाहरु र गाउँपालिकाको विभिन्न बर्षका नीति तथा कार्यक्रमहरुको प्राथमिकताहरुको आधारमा स्थानीय तहको क्षेत्राधिकार भित्रका प्राकृतिक श्रोतको संरक्षण र दिगो प्रयोग सुनिश्चित गर्नु अपरिहार्य भएको छ । त्यसैगरी यस कार्यमा संलग्न कृषक, कृषक समूह, वन उपभोक्ता समूह, बैदेशिक रोजगारीबाट फर्केका र नवउद्यमीहरुलाई लिङ्ग, वर्ग र आस्थाका आधारमा नभइ समान अवसर उपलब्ध गराउन पनि नीति आवश्यक छ । यसका साथै जडीबुटी संकलन र बेचविखनका क्रममा महिला, दलित र अल्पसंख्यकमाथि हुने हिंसा तथा सबैखाले भेदभावको अन्त्य गर्न र जडीबुटीको उत्पादन, संरक्षण, प्रवर्द्धन र विकासमा जोखिममा रहेका यी वर्ग र समूहको अर्थपूर्ण सहभागिता निश्चित गर्न पनि नीतिको आवश्यकता महशुस गरिएको छ । उल्लिखित सिकाइ, कानुनी प्रावधानहरु तथा पहिचान गरिएका आवश्यकताहरु अनुरुपको नीतिगत व्यवस्थाका लागि हिमाली गाउँपालिकाले जडीबुटीसँग सम्वन्धित नयाँ रणनीति तथा कार्ययोजना तर्जुमा गरी लागू गर्ने आवश्यकता महशुस गरेको हो ।

## ४.२. नयाँ रणनीति तथा कार्ययोजना तर्जुमा प्रकृया

'जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन तथा बजारीकरण रणनीति तथा कार्ययोजना' तर्जुमाको शुरुदेखि अन्तिम रुप दिन अपनाईएका प्रकृया यसप्रकार छन् :

### क. सन्दर्भ सामग्रीहरुको अध्ययन र अभिमुखिकरण कार्यशाला खाका

यस कार्य अन्तर्गत नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय, प्रदेश र स्थानीय सरकारका विभिन्न ऐन, नियम, निती तथा कार्यविधि/मार्गदर्शन, बार्षिक नीति तथा कार्यक्रमहरू र प्रतिवेदनहरुको अध्ययन गरिएको थियो । अध्ययन गरिएका सन्दर्भ सामग्रीका आधारमा गाउँपालिकामा जडीबटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरण रणनीति तथा कायोयोजनाका बारेमा १ दिने अभिमुखिकरण कार्यशाला सहजीकरण गरिएको थियो । साथै उक्त कार्यशालामा गाउँपालिकाका पदाधिकारी, जनप्रतिनिधि, कृषक समूह, अगुवा कृषक, जडीबुटी क्षेत्रका जानकार र सरोकारवालाहरुसँग छलफल गरिएको थियो । सो कार्यशालाले

'जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरण रणनीति तथा कायोयोजना' तर्जुमाका लागि कार्यदलसँग ३ दिने कार्यशाला गर्नु पर्ने आवश्यकता औंल्याएको थियो ।

## ख. कार्यदलसँग कार्यशाला

आवश्यकता महशुस भए बमोजिम प्रमुख प्रशासकीय अभिकृतज्यूको संयोजकत्वमा गाउँपालिकाले गठन गरेको कार्यदलका ११ जनासँग 'जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरण रणनीति तथा कायोयोजना' खाकाबारे छलफल गरी सहमति गरिएको थियो । तत्पश्चात विज्ञको सहजीकरणमा उक्त खाकाले समेटका मुख्य-मुख्य बिषयबस्तुमा छलफल, समूह कार्य, प्रस्तुतिकरण र थप सुधार गरिएको थियो भने थप सूचना संकलनका लागि कार्यदलका सदस्यहरुलाई जिम्मेवारी दिइएको थियो । कार्यशालाकै क्रममा गाउँपालिकामा उत्पादन र निकासी हुने जडीबुटीहरुको प्राथमिकताक्रम अनुसूची १ मा दिइएको छ ।

## ग. जडीबुटी क्षेत्रका सरोकारवालाहरुसँग छलफल र अवलोकन गर्न फिल्ड भ्रमण

जडीबुटीको समग्र व्यवस्थापनमा संग्लन कृषक, कृषक समूह, जडिबुटी व्यापारी, वडाका जानिफकारसँग छलफल गरी वास्तविक सूचना तथा जानकारी संकलन गर्न फिल्डमा नै गएर छलफल गरिएको थियो । फिल्ड भ्रमणको अवसर पारेर जडीबुटी उत्पादन, संकलन र बेचबिखन हुने क्षेत्रको अवलोकनका अतिरिक्त परिचालित कार्यदलका सदस्यहरुसँग थप सूचना तथा जानकारी संकलन र थप छलफल गरिएको थियो ।

## घ. सूचना तथा जानकारी प्रमाणीकरण तथा सुझाव संकलन कार्यशाला

विभिन्न सन्दर्भ सामग्री, कार्यशाला र छलफलबाट संकलित तथ्याङ्क तथा जानकारीहरुको आधारमा तयार गरिएको खेस्रा फिल्ड भ्रमण जानु अघि पालिकालाई पृष्ठपोषणका लागि पठाइएको थियो । सोही खेस्रामा उल्लेख भएका र फिल्ड भ्रमणबाट आएका थप सूचना तथा जानकारीहरु पालिकामा आयोजित बैठकमा प्रस्तुत गरी प्रमाणीकरण गरिएको थियो । साथै सोही समयमा रणनीति तथा कार्ययोजनाको खेस्रालाई अन्तिम रुप दिन थप सुझाव संकलन गरिएको थियो ।

## ङ. रणनीति तथा कार्ययोजना स्वीकृति, छपाई र सार्वजनिकीकरण

उल्लेखित प्रकृया पुरा गरेर तयार गरिएको *'जडीबुटी प्रवर्द्धन रणनीति तथा तथा कायोयोजना (२०८१-२०८६)'* कार्यपालिकाको बैठकबाट स्वीकृत गरेपश्चात सो विद्युतीय प्रति गाउँपालिकामा एक औपचारिक कार्यक्रमको आयोजान गरी सार्वजनिकीकरण गर्नुका साथै गाउँपालिकाको वेवसाइडमा अपलोड पनि गरियो ।

## ५. दूरदृष्टि, दूरगामी लक्ष्य र उद्देश्यहरु

### ५.१. परिकल्पना

'जडीबुटीको दिगो उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरण गरेर जडीबुटीलाई पालिकाको आम्दानीको मुख्य स्रोत बनाएर आवधिक योजनाको लक्ष्य प्राप्तीमा योगदान गर्ने' ।

### ५.२. दूरगामी लक्ष्य

'सरोकारवालाहरुको समन्वय तथा साझेदारीमा कानूनी, संस्थागत र संरचनागत सुदृढिकरणमार्फत जडीबुटीको दिगो उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरण गरेर पालिकाको आवधिक योजनाको लक्ष्य प्राप्तीमा योगदान गर्ने ।'

### ५.३. उद्देश्यहरु

यस रणनीति तथा कार्ययोजनाको उद्देश्यहरु देहाय बमोजिम छन् :

१) जडीबुटी प्रवर्द्धनका लागि कानुनी, संस्थागत तथा संरचनागत संयन्त्रहरुको सबलीकरण गर्नु;

२) जडीबुटी प्रवर्द्धनका लागि दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गरी रोजगार प्रवर्द्धन गर्नु;

३) जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणमा सुधारिएको प्रणाली स्थापना गर्नु;

## ६. उद्देश्यसँग सम्बन्धित रणनीतिहरु

| | |
|---|---|
| **उद्देश्य (१) सँग सम्बन्धित रणनीतिहरू** | १. विद्यमान कानुन र अभ्यासहरुको अध्ययन गरी गाउँपालिकाको जडीबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना एवम् थप कार्यविधिहरु तयार गर्ने ।<br>२. जडीबुटी प्रवर्द्धन केन्द्रलाई प्रबिधि, स्रोत र साधनले युक्त बनाई क्रियाशिल गराउने ।<br>३. पालिकामा जडीबुटी निर्देशक समिति र मातहतका संरचना गठन गरी क्रियाशिल बनाउने । |
| **उद्देश्य (२) सँग सम्बन्धित रणनीतिहरू** | १. बार्षिक रुपमा जडीबुटीको कारोबारमा संग्लन सरोकारवाला र साझेदारहरुको बिवरण अद्यावधिक गरी प्रकाशन गर्ने ।<br>२. जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणमा संलग्नहरुको पूर्व प्रतिबद्धता लिई दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने । |

| | |
|---|---|
| **उद्देश्य (३) सँग सम्बन्धित रणनीतिहरू** | १. जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणका साझा र विशेष कार्यक्रमहरु विकास र कार्यान्वयनमार्फत उद्यमशीलता प्रवर्द्धन गर्ने ।<br>२. नयाँ पुस्तामा जडीबुटीबाट आयआर्जन गर्न सक्ने ज्ञान तथा सीप हस्तान्तरणका लागि जडीबुटीलाई स्थानीय पाठ्यक्रममा समावेश गर्ने ।<br>३. प्रविधि र प्लेटफर्मको उपयोग गरी जडीबुटीको प्रर्दशन गर्नुका साथै जडीबुटीका क्षेत्रमा गरेका राम्रा अभ्यास र अनुसन्धानका निश्कर्षहरु प्रचार प्रसार गर्ने । |

## ७. रणनीति कार्यान्वयन नीतिहरू (कार्यनीतिहरु)

| **उद्देश्य (१) सँग सम्बन्धित** |
|---|
| **१.१. विद्यमान कानुन र अभ्यासहरुको अध्ययन गरी गाउँपालिकाको जडीबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना एवम् कार्यविधिहरु तयार गरी लागू गर्ने ।** |
| क) सरोकारवालाहरुको परामर्शमा हिमाली गाउँपालिकाको जडीबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना तयार गरी लागू गरिनेछ ।<br>ख) जडीबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजनामा उल्लेखित संरचनाहरुहरुलाई क्रियाशिल गराउन आवश्यकता र प्राथमिकताको आधारमा कार्यविधिहरु तयार गरी लागू गरिनेछ ।<br>ग) सिकाइका आधारमा थप निर्णयहरु गरी कार्यान्वयन गरिनेछ । |
| **१.२. जडीबुटी प्रवर्द्धन केन्द्रलाई प्रबिधि, स्रोत र साधनले युक्त बनाई क्रियाशिल गराउने ।** |
| क) जडीबुटी प्रवर्द्धन केन्द्रका लागि आवश्यक भौतिक संरचनाको व्यवस्थापन गरिने छ ।<br>ख) जडीबुटी प्रवर्द्धन केन्द्रलाई पूर्ण क्रियाशिल बनाउन आवश्यक पर्ने प्रबिधि, स्रोत (जनशक्ति समेत) र साधनको व्यवस्था गरिनेछ ।<br>ग) जडीबुटी प्रवर्द्धनसँग सम्बन्धित सबै परियोजनाहरु जडीबुटी प्रवर्द्धन केन्द्रको मातहतमा सञ्चालन हुने व्यवस्था मिलाइने छ । |
| **१.३. पालिकामा जडीबुटी निर्देशक समिति र मातहतका संरचना गठन गरी क्रियाशिल बनाउने ।** |
| क) पालिकामा जडीबुटी निर्देशक समिति, वडामा जडीबुटी समन्वय समिति गठन, स्थानीय सहजकर्ता छनौट र क्षमता अभिबृद्धि गरी क्रियाशिल गराइनेछ ।<br>ख) वडाहरुमा जडीबुटी प्रवर्द्धन समन्वय समितिमार्फत प्रतिस्पर्धात्मक नमूना कार्यक्रम सञ्चालन गरिने गरिनेछ ।<br>ग) पाँच बर्षको लक्ष्यका आधारमा प्रत्येक वडाका लागि बार्षिक लक्ष्य दिई कार्यक्रम बनाउन र कार्यान्वयन गर्न सहयोग गरिनेछ । |
| **रणनीतिक उद्देश्य (२) सँग सम्बन्धित** |
| **२.१. बार्षिक रुपमा जडीबुटीको कारोबारमा संग्लन सरोकारवाला र साझेदारहरुको बिवरण अद्यावधिक गरी प्रकाशन गर्ने ।** |
| क) गाउँपालिका जडीबुटीको कारोबारमा संग्लन सबै सरोकारवाला र जडीबुटीबाट उच्च लाभ लिन सहजीकरण गर्दै आएका साझेदारहरुको विवरण हरेक बर्ष अद्यावधिक गरिने छ ।<br>ख) जडीबुटीको कारोवार गर्ने र जडीबुटी प्रवर्द्धनमा सहयोग गर्नेहरु बारेको अद्यावधिक गरिएको विवरणमा सबैको पहुँचका लागि डिजिटलाइज्ड गरिने र सार्वजनिक गरिनेछ ।<br>ग) जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणका क्षेत्रमा कार्यरत व्यक्ति, संघसस्था र निकायहरुबिच राम्रो कार्य सम्बन्ध स्थापना सहजीकरण गरिनेछ । |
| **२.२. जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणमा संलग्नहरुलाई दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।** |
| क) गाउँपालिकामा जडीबुटीको उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणमा संग्लन कृषक, कृषक समूह, संकलन केन्द्र, रष्टिक स्टोर र सामुदायिक वन समूहहरुको छुट्टा-छुट्टै र एकीकृत विवरण तयार गरिनेछ । |

| | |
|---|---|
| ख) | जडीबुटीको उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणमा संग्लन कृषक, कृषक समूह, संकलन केन्द्र, रष्टिक स्टोर र सामुदायिक वन समूहहरुको विद्यमान क्षमता पहिचान गरिनेछ। |
| ग) | विद्यमान क्षमता र आवश्यक क्षमताबिचको दुरी कम गर्न विभिन्न लक्षित समूहहरुको क्षमता विकासका लागि छुट्टा-छुट्टै वा संयुक्त रुपमा तालिम (अन द जब ट्रेनिङसमेत), कार्यशाला, भ्रमण लगायतबाट दक्ष गराई परिचालन गरिनेछ। |
| **रणनीतिक उद्देश्य (३) सँग सम्बन्धित** | |
| **३.१.** | **जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणका साझा र विशेष कार्यक्रमहरु विकास र कार्यान्वयनमार्फत उद्यमशीलता प्रवर्द्धन गर्ने।** |
| क) | परम्परागतरुपमा जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणमा सहभागीहरुका लागि साझा कार्यक्रमहरु विकास गरी कार्यान्वयन गरिने छ। |
| ख) | लक्षित जोखिम वर्ग[५]कालागि विशेष कार्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ। |
| ग) | व्यवसायिक योजनाबाट लाभोन्मुख देखिएका हरेक साझा र विशेष कार्यक्रमहरुमा लागत साझेदारी गरिनेछ। |
| **३.२.** | **नयाँ पुस्तामा जडीबुटीबाट आयआर्जन गर्न सक्ने ज्ञान तथा सीप हस्तान्तरणका लागि जडीबुटीलाई स्थानीय पाठ्यक्रममा समावेश गर्ने।** |
| क) | गाउँपालिकाको आधारभूत र माध्यमिक तहको स्थानीय पाठ्यक्रममा जडीबुटीसम्बन्धी व्यवहारिक अभ्यासहरु थप गरी अद्यावधिक गरिनेछ। |
| ख) | अद्यावधिक गरिने पाठ्यक्रमअनुसार पाठ्यपुस्तकहरु विकास, आवश्यक संख्यामा छपाइ र वितरण गरि शिक्षक र विद्यार्थीहरुलाई प्रशिक्षित गरिनेछ। |
| ग) | खुला प्रतिस्पर्धाबाट नमूना विद्यालय, नमूना शिक्षक र नमूना विद्यार्थी परियोजना प्रस्ताव छनौट गरी कार्यान्वयनका लागि अनुदान उपलब्ध गराइनेछ। |
| **३.३.** | **प्रविधि र प्लेटफर्मको उपयोग गरी जडीबुटीको प्रर्दशन गर्नुका साथै जडीबुटीका क्षेत्रमा गरेका राम्रा अभ्यास र अनुसन्धानका निश्कर्षहरु प्रचार प्रसार गर्ने।** |
| क) | जिल्ला, प्रदेश र संघमा तहमा आयोजना हुने मेलाहरुमा हिमाली जडीबुटीको स्टल राख्ने व्यवस्था मिलाइनेछ। |
| ख) | नवीनतम अवधारणा र प्रबिधिको प्रयोग गरेर नयाँ उत्पादन तथा बजारीकरण गर्न चाहने नवउद्यमीहरुका लागि आर्थिक सहयोग (अनुदान, सहुलियत दरको ऋण वा दुबै) उपलब्ध गराइनेछ। |
| ग) | हिमालीका जडीबुटीहरुको प्रयोगबाट हुने फाइदा तथा जडीबुटीका क्षेत्रमा गरेका अध्ययनका निश्कर्षका बारेमा प्रचारप्रसार गर्न विभिन्न सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरुको उत्पादन र प्रयोग गरिनेछ। |

## ८. रणनीति कार्यान्वयन कार्ययोजना

यस रणनीति तथा कार्ययोजनाको खण्ड ५, ६ र ७ मा उल्लेखित, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति कार्यान्वयनका लागि निम्नानुसारको कार्ययोजना निर्माण गरिएको छ।

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | एकाई | लक्ष्य | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| **उद्देश्य १: जडीबुटी प्रवर्द्धनका लागि कानुनी, संस्थागत तथा संरचनागत संयन्त्रहरुको सबलीकरण गर्नु;** | | | | | | | **७७,१३६** |
| **रणनीति १.१: विद्यमान कानुन र अभ्यासहरुको अध्ययन गरी गाउँपालिकाको जडीबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना एवम् थप कार्यविधिहरु तयार गर्ने।** | | | | | | | ७०० |
| १.१.१. | गाउँपालिकाको जडीबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना तयार गर्ने | पटक | १ | पहिलो बर्ष | निर्देशक समिति | साझेदारहरु | ४०० |

[५] *आर्थिकरुपले विपन्न, जलवायु परिवर्तनको जोखिममा रहेका एकल महिला, दलित, पिछडा वर्ग, महामारी वा अन्य कारणले रोजगारी/रोजगार घरमुली गुमाएका, वैदेशिक रोजगारीबाट फर्केका र उच्च शिक्षा अध्ययन गर्न असमर्थहरु।*

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | एकाई | लक्ष्य | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| १.१.२. | रणनीति तथा कार्ययोजनामा उल्लेखित संरचनाहरुलाई क्रियाशिल गराउन थप कार्यविधिहरु तयार गरी लागू गर्ने | पटक | ६ | पहिलो बर्ष | निर्देशक समिति | जडीबुटी प्रवर्द्धन केन्द्र | २५० |
| १.१.३. | सिकाइका आधारमा थप निर्णय गरी लागू गर्ने | पटक | ५ | सबै बर्ष | निर्देशक समिति | जडीबुटी प्रवर्द्धन केन्द्र | ५० |
| **रणनीति १.२ः जडीबुटी प्रवर्द्धन केन्द्रलाई प्रबिधि, स्रोत र साधनले युक्त बनाई क्रियाशिल गराउने ।** | | | | | | | **५७,३००** |
| १.२.१. | जडीबुटी प्रवर्द्धन केन्द्रका लागि आवश्यक भौतिक संरचना व्यवस्थापन गर्ने | पटक | १ | पहिलो बर्ष | निर्देशक समिति | जडीबुटी प्रवर्द्धन केन्द्र | २०० |
| १.२.२. | जडीबुटी प्रवर्द्धन केन्द्रलाई पूर्ण क्रियाशिल बनाउन प्रविधि, स्रोत (जनशक्ति समेत) र साधनको व्यवस्था गर्ने | पटक | २ | पहिलो र दोस्रो | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका र साझेदारहरु | ७०० |
| १.२.३. | जडीबुटी संकलन, बिक्री गर्ने स्थानबारे समिक्षा गरी आवश्यकता अनुसार केन्द्र तोक्ने र मापदण्ड अनुसारका संरचना निर्माण गर्ने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका र साझेदारहरु | ४,५०० |
| १.२.४. | संकलक र सुपरभाइजरहरुका लागि जडिबुटी संकलन गर्न जानु पूर्व अभिमुखीकरण गर्ने र आचारसंहितामा[६] हस्ताक्षर गराउने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | निर्देशक समिति | १०० |
| १.२.५. | प्रत्येक संकलक र खरिदकर्ताले तोकिएका खरिदबिक्री केन्द्रबाट कारोबार गरेको निश्चित गर्न स्वयंसेवक र सुपरभाइजर परिचालन गर्ने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र र वडा समन्वय समिति | निर्देशक समिति | १,८०० |
| १.२.६. | जडीबुटीसम्बन्धी सबै परियोजनाहरु जडीबुटी प्रवर्द्धन केन्द्रको मातहतमा सञ्चालन हुने व्यवस्था मिलाउने | निरन्तर | ५ | सबै बर्ष | निर्देशक समिति र जडीबुटी प्रवर्द्धन केन्द्र | साझेदारहरु | ५०,००० |
| **रणनीति १.३ः पालिकामा जडीबुटी निर्देशक समिति, जडिबुटी समन्वय समिति गठन र स्थानीय सहजकर्ता नियुक्त गरी क्रियाशिल बनाउने ।** | | | | | | | **१९,१३६** |
| १.३.१. | गाउँपालिकामा जडीबुटी निर्देशक समिति र वडामा जडीबुटी समन्वय समिति गठन गर्ने | पटक | ८ | पहिलो बर्ष | निर्देशक समिति | जडीबुटी प्रवर्द्धन केन्द्र | १६ |
| १.३.२. | जडीबुटी संकलन, प्रशोधन र बजारीकरणका लागि स्थानीय सहजकर्ता नियुक्त गर्ने, उनिलाई तालिम दिई परिचालन गर्ने | पटक | ५ | सबै बर्ष | निर्देशक समिति | गाउँ कार्यपालिका | १,५०० |
| १.३.३. | पालिका र वडामा जडिबुटी समन्वय समितिको क्षमता विकासका तालिमहरु सञ्चालन गर्ने | निरन्तर | १० | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | संघ र प्रदेश सरकार एवम् साझेदारहरु | २०० |

[६] *आचारसंहितामा पूर्ण परिपक्व जडीबुटी मात्र संकलन गर्ने, जरासहित नै बिरुवा नउखेल्ने (जरा नै संकलन गर्नु पर्ने भए ५० प्रतिशत मात्र), ठूला हाँगाहरु नकाट्ने, डाँठ भएका जरा संकलन गर्नु परेमा ४० प्रतिशत गर्ने, पातहरु संकलन गर्नु परेमा ६० प्रतिशत गर्ने, फूलहरु संकलन गर्नु परेमा ६० प्रतिशत गर्ने, बीउ/फल संकलन गर्नु परेमा ६० प्रतिशत गर्ने, लोपउन्मुख प्रजातिहरु संकलन नगर्ने, कुनै प्रकारका अप्राङ्गारिक बस्तुहरु वनमा फाल्ने र फोहर मैला नगर्ने, चराचुरुङ्गी र जनावरहरुको वासस्थान नचलाउने, सरकारले संकलन गर्न बन्देज गरेका वनस्पतिहरु संकलन नगर्ने र यस बारेको जानकारी निजी कम्पनीहरुलाई नदिने, जडीबुटी संकलनका लागि छुट्याइएको समयको पालना गर्ने, अन्य संकलकहरुलाई हिंसा वा भेदभाव नगर्ने, जडीबुटी बिक्री गर्दा नियमानुसारको राजस्व बुझाउने, आदि ।*

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | एकाई | लक्ष्य | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| १.३.४. | वडाहरुमा जडीबुटीका नमूना कार्यक्रम सञ्चालन गर्न कार्यविधि तयार गर्ने | पटक | १ | पहिलो बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | साझेदारहरु | ४०० |
| १.३.५. | नमूना कार्यक्रम सञ्चालनका लागि वडागत लक्ष्य निर्धारण गर्ने | पटक | ५ | सबै बर्ष | जडिबुटी समन्वय समिति | निर्देशक समिति | २० |
| १.३.६. | वडामा जडीबुटीको नमूना कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गर्ने | पटक | ५ | सबै बर्ष | जडिबुटी समन्वय समिति | जडीबुटी प्रवर्द्धन केन्द्र र साझेदारहरु | ६,००० |
| १.३.७. | वडाबाट जडिबुटी प्रवर्द्धनसम्बन्धी नमूना प्रस्ताव माग गर्ने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | निर्देशक समिति | ०० |
| १.३.८. | उत्कृष्ट प्रस्ताव छनौट गरी कार्यान्वयनका लागि साझेदारी गर्ने | वटा | १५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | निर्देशक समिति | ५,००० |
| १.३.९. | वडागत लक्ष्य अनुसार कार्य भए नभएको अनुगमन र समिक्षा गर्ने तथा सुधारका लागि फलोअप गर्ने | वटा | १५ | सबै बर्ष | निर्देशक समिति | साझेदार गैसस र संघीय सरकार | १,००० |
| १.३.१०. | प्रशोधन केन्द्रहरुको क्षमता सुधारका लागि सहयोग गर्ने (गुणस्तर जाँच समेत) | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | निर्देशक समिति | ५,००० |
| **उद्देश्य २: जडीबुटी प्रवर्द्धनका लागि दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गरी रोजगार प्रवर्द्धन गर्नु;** | | | | | | | **३,६२०** |
| **रणनीति २.१: बार्षिक रुपमा जडीबुटीको कारोबारमा संग्लन सरोकारवाला र साझेदारहरुको बिवरण अद्यावधिक गरी प्रकाशन गर्ने ।** | | | | | | | **१००** |
| २.१.१. | जडीबुटीको कारोबारमा संग्लन सरोकारवाला र साझेदारहरुको विवरण अद्यावधिक गर्ने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | साझेदारहरु | ०० |
| २.१.२. | अद्यावधिक गरिएको बिवरण गाउँपालिकाको वेबसाइटमा अपडेट गर्ने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | पालिकाको आइटी शाखा | ०० |
| २.१.३. | जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणका क्षेत्रमा कार्यरत व्यक्ति, संघसस्था र निकायहरुबिच राम्रो कार्यसम्बन्ध स्थापित गर्न तथा विवादहरु समाधान बैठक र कार्यशालाहरु आयोजना गर्ने | पटक | आवश्यकता अनुसार | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | पालिकाको मेलमिलाप केन्द्र | १०० |
| **रणनीति २.२: जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणमा संलग्नहरुलाई दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।** | | | | | | | **३,५२०** |
| २.२.१. | जडीबुटीको उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणमा संग्लन कृषक, कृषक समूह, संकलन केन्द्र, रष्टिक स्टोर र सामुदायिक वन समूहहरु (उनीहरुसँग भएको जग्गा र जडिबुटी उत्पादनयोग्य बाँझो जग्गा समेत) को छुट्टा-छुट्टै र एकीकृत विवरण तयार गर्ने | पटक | १ | पहिलो बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | जडीबुटी समन्वय समिति | ७० |
| २.२.२. | जडीबुटीको उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणमा संग्लन कृषक, कृषक समूह, संकलन केन्द्र, रष्टिक स्टोर र सामुदायिक वन समूहहरुको विद्यमान क्षमता | पटक | २ | पहिलो बर्ष र चौथो बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | निर्देशक समिति र वडा समन्वय समिति | ३०० |

| क.सं. | कार्यक्रम/क्रियाकलापहरु | एकाई | लक्ष्य | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | पहिचान गर्ने | | | | | | |
| २.२.३. | लक्षित समूहहरुको क्षमता विकासका लागि आवश्यकतामा आधारित तालिम (अन द जब ट्रेनिङसमेत), कार्यशाला, भ्रमण लगायत आयोजना गर्ने | पटक | ३५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | निर्देशक समिति, वडा समन्वय समिति र साझेदारहरु | १,४०० |
| २.२.४. | संकलकहरुको संकलन सीप परीक्षण, इजाजत पत्र (लाइसेन्स) छपाइ गरेर वितरण गर्ने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | निर्देशक समिति | ७५० |
| २.२.५. | जडीबुटीको प्रवर्द्धनका लागि थप स्रोत जुटाउन संघसंस्था, प्रदेश र संघीय सरकारसँग पैरवी गर्ने | पटक | निरन्तर | सबै बर्ष | निर्देशक समिति | जडीबुटी प्रवर्द्धन केन्द्र | १,००० |
| **उद्देश्य ३: जडीबुटी प्रवर्द्धनका लागि दक्ष, सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति तयार गरी रोजगार प्रवर्द्धन गर्नु;** | | | | | | | **१,४३,५५९** |
| **रणनीति ३.१: जडीबुटी उत्पादन, संरक्षण, प्रशोधन र बजारीकरणका साझा र विशेष कार्यक्रमहरु विकास र कार्यान्वयनमार्फत उद्यमशीलता प्रवर्द्धन गर्ने ।** | | | | | | | **८०,४००** |
| ३.१.१. | उत्पादन, प्रशोधन र बजारीकरण उद्यमशीलता प्रवर्द्धन लागत साझेदारी कार्यविधि तयार गर्ने | पटक | १ | दोस्रो बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | कानुन शाखा वा कानुन हेर्ने फोकल पर्सन र गाउँ कार्यपालिका | ४०० |
| ३.१.२. | न्यूनतम मापदण्ड पुरा गरेका उत्पादक, प्रशोधक र व्यवसायीलाई लागत साझेदारी गर्ने बजेट विनियोजन गर्ने | पटक | ५ | सबै बर्ष | निर्देशक समिति | गाउँपालिका र साझेदारहरु | १०,००० |
| ३.१.३. | मापदण्डअनुरुप जडीबुटी उत्पादन, प्रशोधन र बजारीकरणमा सक्रिय भई छनौटमा परेकालाई कार्यविधिअनुरुप लागत साझेदारी गर्ने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका | २८,९०० |
| ३.१.४. | लक्षित वर्गकालागि जडीबुटी विशेष कार्यक्रम कार्यविधि तयार गर्ने | पटक | १ | दोस्रो बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | कानुन शाखा वा कानुन हेर्ने फोकल पर्सन र गाउँ कार्यपालिका | १०० |
| ३.१.५. | लक्षित वर्गकालागि जडीबुटी विशेष कार्यक्रमका लागि लागत साझेदारी गर्ने बजेट विनियोजन गर्ने | पटक | ५ | सबै बर्ष | निर्देशक समिति | गाउँपालिका र साझेदारहरु | ६,००० |
| ३.१.६. | लक्षित वर्गकालागि जडीबुटी विशेष कार्यक्रम अन्तरगत छनौट भएकाहरुकालागि कार्यविधिअनुरुप अनुदान उपलब्ध गराउने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका | १५,००० |
| ३.१.७. | जडीबुटी उत्पादन गर्न भूगोल सुहाउँदो सिंचाई सुविधा नहर, पोखरी, आकाशे पानी संकलन घैटो निर्माण गर्ने | वटा | ३५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | पालिकाको भौतिक निर्माण शाखा | १७,५०० |
| ३.१.८. | नव उद्यमीमार्फत गाउँमा जडीबुटी कार्यक्रम सञ्चालन गर्ने र सोका लागि आवश्यक बीउ, मल र औजार उपकरण उपलब्ध गराउने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | निर्देशक समिति | २,५०० |
| **रणनीति ३.२: नयाँ पुस्तामा जडीबुटीबाट आयआर्जन गर्न सक्ने ज्ञान तथा सीप हस्तान्तरणका लागि जडीबुटीलाई स्थानीय पाठ्यक्रममा समावेश गर्ने ।** | | | | | | | **२९,३८४** |

| क्र.सं. | कार्यक्रम/क्रियाकलापहरु | एकाई | लक्ष्य | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| ३.२.१. | गाउँपालिकाको स्थानीय पाठ्यक्रममा जडीबुटीसम्बन्धी व्यवहारिक अभ्यासहरु थप गरी अद्यावधिक गर्ने | पटक | १ | तेस्रो बर्ष | शिक्षा शाखा | जडीबुटी प्रवर्द्धन केन्द्र र साझेदारहरु | १५० |
| ३.२.२. | अद्यावधिक गरिने पाठ्यक्रमअनुसार पाठ्यपुस्तकहरु उत्पादन/छपाइ गर्ने | पटक | १ | तेस्रो बर्ष | शिक्षा शाखा | जडीबुटी प्रवर्द्धन केन्द्र र साझेदारहरु | २५० |
| ३.२.३. | आवश्यक संख्यामा पाठ्यपुस्तकहरु वितरण गर्ने | पटक | १ | तेस्रो बर्ष | शिक्षा शाखा | जडीबुटी प्रवर्द्धन केन्द्र र साझेदारहरु | ८४ |
| ३.२.४. | शिक्षक र विद्यार्थीहरुका लागि पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा जडीबुटीसम्बन्धी व्यवहारिक अभ्यास सिकाउने प्रशिक्षक प्रशिक्षण र तालिम दिने | पटक | ६ | तेस्रो र चौथो बर्ष | शिक्षा शाखा | जडीबुटी प्रवर्द्धन केन्द्र र साझेदारहरु | ४५० |
| ३.२.५. | नमूना विद्यालय, नमूना शिक्षक र नमूना विद्यार्थी परियोजनाबारे प्रधानाध्यापकहरुसँग परामर्श बैठक गर्ने | पटक | ३ | तेस्रो, चौथो र पाँचौं बर्ष | शिक्षा शाखा | जडीबुटी प्रवर्द्धन केन्द्र र साझेदारहरु | ४० |
| ३.२.६. | खुला प्रतिस्पर्धाबबाट नमूना विद्यालय, नमूना शिक्षक र नमूना विद्यार्थी परियोजना माग गरी उत्कृष्ट छनौट गर्ने | पटक | ३ | तेस्रो, चौथो र पाँचौं बर्ष | शिक्षा शाखा | जडीबुटी प्रवर्द्धन केन्द्र र साझेदारहरु | १० |
| ३.२.७. | उत्कृष्ट परियोजना लागू गर्न साझेदारी गर्ने बजेट विनियोजन गर्ने | पटक | ९ | तेस्रो, चौथो र पाँचौं बर्ष | शिक्षा शाखा | जडीबुटी प्रवर्द्धन केन्द्र र साझेदारहरु | ८,४०० |
| ३.२.८. | जडीबुटीका बारेमा इन्टर्नशिप गर्ने विद्यार्थीहरुका लागि इन्टर्नसीप कार्यविधि (पाठ्यक्रम समेत) तयार गरी लागू गर्ने | पटक | १ | तेस्रो बर्ष | शिक्षा शाखा | नीजि परामर्शदाता संस्था, गैसस र शिक्षण संस्थाहरु | ७०० |
| ३.२.९. | इन्टर्नसीप गराउने प्राध्यापकहरुको क्षमता विकास गर्ने | पटक | ३ | तेस्रो, चौथो र पाँचौं बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र र साझेदारहरु | गाउँपालिका र शिक्षण संस्थाहरु | ३०० |
| ३.२.१०. | उत्कृष्ट इन्टर्नसीप गरेका विद्यार्थीहरुलाई रोजगारी र पालिकामा नै जडिबुटीको व्यवसाय शुरु गर्न सहयोग गर्ने | पटक | ३ | तेस्रो, चौथो र पाँचौं बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका | ९,००० |
| **रणनीति ३.३: प्रविधि र प्लेटफर्मको उपयोग गरी जडीबुटीको प्रदर्शन गर्नुका साथै जडीबुटीका क्षेत्रमा गरेका राम्रा अभ्यास र अनुसन्धानका निश्कर्षहरु प्रचार प्रसार गर्ने।** | | | | | | | **३३,७७५** |
| ३.३.१. | हरेक बर्ष जिल्ला, प्रदेश र संघमा तहमा आयोजना हुने मेलाहरुबारेको जानकारी संकलन गर्ने र जडीबुटी प्रदर्शन गर्न उपयुक्त रहे/नरहेको निर्णय गर्ने | पटक | आवश्यकता अनुसार | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका | ०० |
| ३.३.२. | गाउँपालिकाको निर्णयअनुसार विभिन्न मेलाहरुमा जडीबुटी प्रदर्शन र बजारीकरणका संभावना खोज्न सहभागी पठाउने | पटक | आवश्यकता अनुसार | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका | ५०० |

| क.सं. | कार्यक्रम/क्रियाकलापहरु | एकाई | लक्ष्य | समयावधि | जिम्मेवार निकाय | सहयोगी निकाय | बजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| ३.३.३. | जडीबुटीबाट हुन सक्ने नवीनतम व्यावसायिक अवधारणा, नयाँ बस्तु र नयाँ प्रविधिको डेमो प्रदर्शन गर्ने अभ्यास प्रवर्द्धन गर्ने | पटक | आवश्यकता अनुसार | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका | ५०० |
| ३.३.४. | नवउद्यमीहरुका लागि उद्यमशीलता विकास र प्रवर्द्धन सम्बन्धी ज्ञान तथा सीप हस्तान्तरण गर्ने | पटक | ३ | तेस्रो, चौथो र पाँचौ बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका र नव उद्यमीहरु | ५७५ |
| ३.३.५. | नयाँ वस्तुको उत्पादन वा प्रविधिको विस्तारका लागि साझेदारी (अनुदान, सहुलियत दरको ऋण वा दुबै) गर्ने | पटक | ३ | तेस्रो, चौथो र पाँचौ बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका र नव उद्यमीहरु | ७,५०० |
| ३.३.६. | जडीबुटीको उत्पादक, संरक्षक, संकलक र व्यवसायी र तिनका उद्यमहरुको बिमा गर्ने | जना/वटा | ६०० / ६०० | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका र विमा कम्पनीहरु | १८,००० |
| ३.३.७. | हिमालीका जडीबुटीहरुको प्रयोगबाट हुने फाइदाहरु समेटिएका सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरुको उत्पादन, वितरण र प्रसारण गर्ने | वटा/पटक | ४/२०० | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका र विमा कम्पनीहरु | ७०० |
| ३.३.८. | जडीबुटीको उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणका क्षेत्रमा विज्ञहरु परिचालन गरी अध्ययन अनुसन्धान गर्ने | पटक | ५ | सबै बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका र विज्ञ सेवा प्रदायकहरु | ५,००० |
| ३.३.९. | जडीबुटीको उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणका क्षेत्रमा गरिएका अध्ययनका निश्कर्षहरु विभिन्न प्रविधि र प्लेटफर्मको प्रयोग गरी प्रचारप्रसार गर्ने र थप लगानीकर्ताहरुलाई आकर्षित गर्ने | पटक | ८ | दोस्रो, तेस्रो र चौथो बर्ष | जडीबुटी प्रवर्द्धन केन्द्र | गाउँपालिका, जडीबुटी व्यवसायी संघ, उद्योग बणिज्य संघहरु | १,००० |

## ९. रणनीति तथा कार्ययोजनाको अवधि र मूल्याङ्कनका सूचकहरु

यस रणनीति तथा कार्ययोजनाको अवधि ५ बर्षको रहनेछ । प्रत्येक बर्ष बार्षिक नीति तथा कार्यक्रम र बजेट बनाउनु पूर्व रणनीति तथा कार्ययोजनाको समिक्षा गरिने छ । यो समिक्षा गर्दा क्रियाकलाप अनुसारका सूचकका आधारमा गरिने छ । कार्यान्वयनको २ देखि ३ बर्ष अवधिको बिचमा मध्यावधि र ५ बर्ष सकिनै लाग्दा अन्तिम मूल्याङ्कन गरिने छ र थप अवधिका लागि अद्यावधिक गरिनेछ । अन्तिम मूल्याङ्कनको समयमा रणनीतिक उद्देश्यहरु प्राप्त भए नभएको तलका महत्वपूर्ण सूचकका आधारमा गरिने छ ।

१. गाउँपालिका र वडा तहका संयन्त्र गठन गरी क्रियाशील गराएको ।

२. गाउँपालिकाले यो रणनीति र कार्ययोजनाका क्रियाकलापहरु कार्यान्वयन गर्न बार्षिक बजेट बिनियोजन गरेको र बार्षिक कार्ययोजना बनाई लागू गरेको ।

३. गाउँपालिकाले जडीबुटीको उत्पादन बढाउन हरेक वडामा सामुदायिक वन र कृषकहरुको परिमार्जित संयन्त्र स्थापना गरी क्रियाशिल गराएको ।

४. जडीबुटी उत्पादन, प्रशोधन र बजारीकरणमा सक्रिय व्यक्ति, समूह र संस्थालाई विशेष अनुदान दिने व्यवस्था लागू गरेको ।

५. जडीबुटी उत्पादन, प्रशोधन र बजारीकरणका लागि घुम्ति कोष सञ्चालन गरेको ।

६. जडीबुटी उत्पादन, प्रशोधन र बजारीकरणका लागि आवश्यक बस्तुगत सहयोग उपलब्ध गराएको र भौतिक संरचना निर्माण गरेको ।

७. वन उपभोक्ता समूह, कृषक समूह, पालिकामा जडीबुटीका क्षेत्रमा काम गर्ने सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, संकलन केन्द्र र रष्टीक स्टोरहरुले आ-आफ्नो बार्षिक कार्य योजना बनाएर लागू गरेको ।

८. लोपोन्मुख जडीबुटीहरुको संरक्षणका लागि अनुसन्धान गरी विशेष कार्यक्रम सञ्चालन गरेको ।

९. जडीबुटीको बजारीकरणका लागि आवश्यक सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरु उत्पादन गरी प्रयोग गरेको ।


१०. जडीबुटीको बजारीकरणको बार्षिकरुपमा कम्तिमा एउटा प्रादेशिक वा संघीय मेलामा प्रदर्शन गरेको ।

११. गाउँपालिकाका कृषि क्षेत्रका सबै कार्यक्रममा जडीबुटीलाई एकीकृत गरेको ।

१२. जडीबुटीलाई गाउँपालिकाको प्रमुख आम्दानीको स्रोत बनाएको ।

## १०. संस्थागत संरचना र जिम्मेवारीहरु

यस रणनीति तथा कार्ययोजनाको लक्ष्य र उद्देश्यहरु जडीबुटीको उत्पादन, प्रशोधन र बजारीकरणसँग सम्बन्धित कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँपालिका तहमा निम्ना-नुसारको संरचना निर्माण गरी परिचालन गरिनेछ ।



### १०.१. जडीबुटी निर्देशक समिति

हिमाली गाउँपालिका भित्र जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणसँग सम्बन्धित नीति नियम तथा योजनाहरुको कार्यान्वयन गर्न देहाय बमोजिमको एक जडीबुटी निर्देशक समिति हुनेछ ।

| | |
|---|---|
| १. गाउँपालिकाका अध्यक्ष | अध्यक्ष |
| २. गाउँपालिकाका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. वडा अध्यक्षहरुमध्येबाट गाउँपालिकाका अध्यक्षले तोकेको १ जना | सदस्य |
| ५. जडीबुटी संयोजक | सदस्य सचिव |

निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ । सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संखया पुगेको मानिने छ । निर्देशक समितिको काम, कर्तव्य र अधिकार ८.२ मा उल्लेख भए बमोजिम हुनेछ । निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि स्वयं तय गर्न सक्नेछ भने जडीबुटी प्रवर्द्धन केन्द्रले सचिवालयको कार्य गर्नेछ ।

### १०.२. निर्देशक समितिको काम, कर्तव्य र अधिकार

निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको जडिबुटी प्रवर्द्धन रणनीति तथा कार्ययोजना लागू गर्ने,

(ख) जडिबुटी प्रवर्द्धनका लागि आवश्यक थप नीति नियमहरुको गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ग) जडीबुटीको उत्पादन, संकलन, प्रशोधन र बजारीकरणसम्बन्धी अभिलेख अद्यावधिक गर्न जडीबुटी प्रवर्द्धन केन्द्रलाई निर्देशन दिने,

(घ) स्थानीय तहभित्र सञ्चालित जडीबुटीसम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) लोपोन्मुख जडीबुटीको संरक्षण, दिगो संकलन, प्रवर्द्धन र बजारीकरणका लागि विज्ञहरु नियुक्त गरी अध्ययन अनुसन्धान गर्ने, गराउने,

(च) माथिको संरचना अनुरुप जडीबुटी प्रवर्द्धन केन्द्र स्थापना गर्ने, समितिहरु गठन/पुनगठन गर्ने र हरेक समितिको जिम्मेवारी तोकी सक्रिय गराउने,

(छ) गाउँ कार्यपालिकाले दिएको मार्गदर्शन बमोजिम काम गर्ने ।

### १०.३. रणनीति तथा कार्ययोजनाको समिक्षा, अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था

यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको अवस्था र आगामी क्रियाकलाप तर्जुमा गर्न प्रत्येक बर्ष स्थानीय तहको बजेट निर्माण गर्नु पूर्व समिक्षा गरिनेछ । रणनीतिक योजनाअनुरुप कार्यान्वयन भएका क्रियाकलापहरुको अनुगमन निर्देशक समिति र पालिकाको अनुगमन समितिले अनुगमन गर्नेछ । त्यसैगरी वडा तहमा हुने कार्यहरुको अनुगमन गर्न वडा समितिलाई तोक्न सकिनेछ ।

रणनीति तथा कार्ययोजना कार्यान्वयनबाट अपेक्षित उपलब्धि र प्रतिफल प्राप्त भए नभएको यकिन गर्न प्रत्येक दुई बर्षमा स्थानीय तह आफैं वा स्वतन्त्र नीति समिक्षक व्यक्ति वा संस्थाबाट रणनीति तथा कार्ययोजनाको समिक्षा वा मूल्याङ्कन गराइने छ । समिक्षा, अनुगमन र मूल्याङ्कनका लागि गाउँपालिकाले तयार गर्ने फारम, चेकलिष्ट अवा अन्य औजारको प्रयोग गर्न सकिनेछ । अनुगमन गर्ने समिति, कर्मचारी वा विज्ञले अनुगमन प्रतिवेदन तयार गरी निर्देशक समिति वा गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

क्रियाकलापहरु कार्यान्वयनका क्रममा नीति, कार्यक्रम र बजेटले बनाएको सहजता /असहजताबारे जडीबुटी प्रवर्द्धन केन्द्र, जडीबुटी उत्पादक सामुदायिक वन उपभोक्ता समूह, कृषक समूह, संकलन केन्द्र व्यवस्थापन समिति, रष्टिक केन्द्र व्यवस्थापन समिति र कृषक अगुवाहरु र सम्बन्धित कर्मचारीहरुसँग छलफल गरी प्रभावकारिता मूल्याङ्कन गरिनेछ ।

## ११. स्रोत परिचालन र बजेट व्यवस्थापन

यो रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न जडीबुटी प्रवर्द्धन केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गाउँ कार्यपालिकाको बार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत गरिनेछ । त्यसैगरी रणनीति तथा कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश र संघीय सरकार, निजी क्षेत्र, बहुराष्ट्रिय कम्पनीहरु, द्विक्षीय/बहुपक्षीय सहयोग नियोगहरु, सहकारी, बैंक तथा वित्तीय संस्थाहरु, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु एवं वाह्य विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन गर्न सकिनेछ ।

साथै समय समयमा रणनीति तथा कार्ययोजनाको लक्ष्य र उद्देश्यअनुरुपका प्रस्तावहरु तयार गरी संभावित साझेदारहरु समक्ष पेश गरी उनीहरुको स्रोत समेत परिचालन गरिने छ ।

## १२. संभावित जोखिम र जोखिम व्यवस्थापन योजना

यो रणनीति तथा कार्ययोजना कार्यान्वयनका दौरान आउने संभावित जोखिम र ति जोखिमको व्यवस्थापनका लागि पहिचान गरिएको योजना यसप्रकार रहेका छन् :

| क.सं. | संभावित जोखिम | जोखिम व्यवस्थापन योजना |
|---|---|---|
| १. | जडिबुटी लोप हुँदै गरेको | तालिम प्राप्त संकलकलाई मात्र जडिबुटी संकलन गर्न लाइसेन्स दिने, उनीहरुको संकलन कार्यको अनुगमन गर्ने र नियमको उलङ्घन गरेको पाइएमा कारवाही गर्ने ।<br>जडिबुटी लोप हुनुको कारण पत्ता लगाई तीनको संरक्षण र पुनर्उत्पादन गर्न अध्ययन, अनुसन्धान गर्ने । पशुचौपाय र चोरी निकासी नियन्त्रण गर्ने । |
| २. | संस्थागत रुपमा रणनीति तथा कार्ययोजनाको स्वीकार्यता र कार्यान्वयन | गाउँ कार्यपालिकाबाट रणनीतिक योजना स्वीकृत भएपश्चात कार्यान्वयन गर्ने जडीबुटी प्रवर्द्धन केन्द्रमा कार्यरत कर्मचारीहरुलाई रणनीति तथा कार्ययोजनाका बारेमा अभिमुखीकरण गरी हरेक कर्मचारीलाई १/१ प्रति उपलब्ध गराइने छ । साथै हरेक चार महिनामा बस्ने निर्देशक समितिको बैठकमा छलफल गरी रणनीति तथा कार्ययोजनाको कार्यान्वयनमा सम्बन्धित कर्मचारीहरुलाई जवाफदेही बनाइने छ । नीतिको प्रभावकारी कार्यन्वयन गर्नेलाई पुरस्कृत र नगर्नेलाई दण्डित गरिनेछ । |
| ३. | बार्षिक नीति तथा कार्यक्रम, बजेट बिनियोजन र सोधभर्ना गर्ने प्रावधान | रणनीति तथा कार्ययोजनालाई निरन्तर रुपमा कार्यान्वयन गर्न कार्यपालिकाले हरेक बर्ष बार्षिक नीतिमा जडीबुटी प्रवर्द्धन केन्द्रबाट सञ्चालन गरिने कार्यक्रमहरु समावेश गर्नेछ । सोही आधारमा हरेक बर्ष जडीबुटी प्रवर्द्धन केन्द्रका लागि आवश्यक पर्ने बार्षिक बजेट बिनियोजन गरिने छ । |
| ४. | तालिम प्राप्त दक्ष जनशक्ति पलायन, ज्ञान तथा सीपको प्रयोगमा लापरवाही | गाउँपालिका र अन्य साझेदारहरुबाट जडीबुटी उत्पादन, संरक्षण, संकलन, प्रशोधन र बजारीकरणका लागि तालिम तथा सिक्ने अवसर प्रदान गरी दक्ष बनाएका जनशक्तिहरु आफ्नो क्षमता विस्तार गरी पालिका छोडेर अन्यन्त्र जाने संभावना रहन्छ । यस्तो जानकारी हुन आएमा सिकेको सीप, क्षमता र दक्षता आफ्नै ठाउँमा प्रयोग गर्न उत्प्रेरित गरिनेछ ।<br>त्यसैगरी जडिबुटीको संकलन गर्दा नियमको पालना गरी गर्न नसकेमा जडिबुटी लोप हुने भएकोले सो सम्बन्धमा प्राप्त तालिमको सही सदुपयोग गर्न र जडिबुटीको दिगो उत्पादनमा सहयोग गर्न सहनीकरण गरिनेछ । |
| ५. | निजी क्षेत्रका व्यवसायीहरुको न्यायोचित सहभागिता र परियोजनाहरुको निरन्तरता | जडिबुटी उत्पादक, संकलक र प्रशोधक स्थानीय कृषक, कृषक समूह र वन उपभोक्ता समूहहरुलाई उनीहरुले उत्पादन तथा संकलन गरेका जडिबुटीहरुको न्यायोचित मूल्यले नै समग्र आर्थिक विकासमा टेवा पुग्ने कुरा बुझाई उचित मूल्य दिन उत्प्रेरित गरिनेछ । उचित मुल्य दिने व्यवसायीहरुलाई गाउँपालिकाबाट कर छुट दिने नीति बनाएर लागू गरिने छ । त्यसैगरी निश्चित अवधिका लागि सञ्चालन हुने परियोजनाका साझेदारहरुसँग दिगो परिणाम हासिल नहुँदासम्म लगानी गर्न पैरवी गरिनेछ । |
| ६. | प्रदेश र संघ सरकारको नियमित आर्थिक सहयोग | गाउँपालिकाले जडीबुटी प्रवर्द्धनसँग सम्बन्धित प्रदेश र संघ सरकारको आर्थिक सहयोगका लागि परियोजना पेश र पैरवी गरिनेछ । ती सरकारको सहयोगमा सञ्चालित परियोजनाहरुको दिगोपनका लागि दिर्घकालीन अवधिको सम्झौता गरिनेछ । साथै |

| क्र.सं. | संभावित जोखिम | जोखिम व्यवस्थापन योजना |
|---|---|---|
| | | जडीबुटी क्षेत्रको समग्र विकास र पालिकाको मुख्य स्रोत नहुँदासम्म सहयोगको निरन्तरताको लागि पहल गरिनेछ । |

## १३. विविध

- जडीबुटी प्रवर्द्धन केन्द्रलाई व्यवस्थितरुपमा सञ्चालन गर्न पालिकाले थप कार्यविधि र योजनाहरु बनाई लागू गर्न सक्नेछ ।
- पालिकाले आवश्यकताअनुसार सूचना, शिक्षा तथा सन्दर्भ सामग्रीहरू विकास, प्रकासन र वितरण गर्न सक्ने छ । साथै तथ्याङ्क व्यवस्थापनका लागि वेब पोर्टल बनाउन सक्नेछ ।
- आवश्यकताअनुसार यो रणनीति तथा कार्ययोजना गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

अनुसूची १: हिमाली गाउँपालिकामा उत्पादन र निकासी गर्न सकिने जडीबुटीहरुको प्राथमिकीकरण

| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | चिराइतो | टिमुर | सतुवा | सेतोचिनी | हल्दी | कटुकी | जटामसी | गुच्ची च्याउ | रातो च्याउ | सुगन्धवाल | पदमचाल्नो | काँकडसिलो | भूतकेश | डाले चुक | जैतुन |
| चिराइतो | X | चिराइतो | चिराइतो | चिराइतो | हल्दी | चिराइतो | चिराइतो | चिराइतो | चिराइतो | चिराइतो | चिराइतो | चिराइतो | चिराइतो | चिराइतो | चिराइतो |
| टिमुर | X | X | सतुवा | सेतोचिनी | हल्दी | टिमुर | टिमुर | टिमुर | टिमुर | टिमुर | टिमुर | टिमुर | टिमुर | टिमुर | टिमुर |
| सतुवा | X | X | X | सतुवा | हल्दी | सतुवा | सतुवा | सतुवा | सतुवा | सतुवा | सतुवा | सतुवा | सतुवा | सतुवा | सतुवा |
| सेतोचिनी | X | X | X | X | हल्दी | कटुकी | सेतोचिनी | सेतोचिनी | सेतोचिनी | सेतोचिनी | सेतोचिनी | सेतोचिनी | सेतोचिनी | सेतोचिनी | सेतोचिनी |
| हल्दी | X | X | X | X | X | हल्दी | हल्दी | हल्दी | हल्दी | हल्दी | हल्दी | हल्दी | हल्दी | हल्दी | हल्दी |
| कटुकी | X | X | X | X | X | X | जटामसी | कटुकी | कटुकी | कटुकी | कटुकी | कटुकी | कटुकी | कटुकी | कटुकी |
| जटामसी | X | X | X | X | X | X | X | जटामसी | जटामसी | जटामसी | जटामसी | जटामसी | जटामसी | जटामसी | जटामसी |
| गुच्ची च्याउ | X | X | X | X | X | X | X | X | रातो च्याउ | गुच्ची च्याउ | गुच्ची च्याउ | गुच्ची च्याउ | गुच्ची च्याउ | गुच्ची च्याउ | गुच्ची च्याउ |
| रातो च्याउ | X | X | X | X | X | X | X | X | X | रातो च्याउ | रातो च्याउ | रातो च्याउ | रातो च्याउ | रातो च्याउ | रातो च्याउ |
| सुगन्धवाल | X | X | X | X | X | X | X | X | X | X | सुगन्धवाल | सुगन्धवाल | सुगन्धवाल | सुगन्धवाल | सुगन्धवाल |
| पदमचाल्नो | X | X | X | X | X | X | X | X | X | X | X | पदमचाल्नो | भूतकेश | पदमचाल्नो | पदमचाल्नो |
| काँकडसिलो | X | X | X | X | X | X | X | X | X | X | X | X | काँकडसिलो | काँकडसिलो | काँकडसिलो |
| भूतकेश | X | X | X | X | X | X | X | X | X | X | X | X | X | भूतकेश | जैतुन |
| डाले चुक | X | X | X | X | X | X | X | X | X | X | X | X | X | X | जैतुन |
| जैतुन | X | X | X | X | X | X | X | X | X | X | X | X | X | X | X |
| **जम्मा अंक** | **१३** | **११** | **१२** | **१०** | **१८** | **८** | **९** | **६** | **७** | **५** | **४** | **३** | **१** | **०** | **२** |

# सन्दर्भ सामग्रीहरु


१. नेपालको संविधान २०७२

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३. हिमाली गाउँपालिकाको पार्श्वचित्र, २०८१

४. हिमाली गाउँपालिकाको प्रथम आवधिक विकास योजना (२०८१/८२-२०८५/८६)

५. हिमाली गाउँपालिकाको भूमि ऐन, २०७८

६. हिमाली गाउँपालिकाको वन ऐन, २०७८

७. हिमाली गाउँपालिकाको कषि ऐन, २०७८

८. हिमाली गाउँपालिकाको उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७४

९. हिमाली गाउँपालिकाको जडीबुटी रणनीति तथा कार्ययोजना तर्जुमा कार्यदलसँग गरिएको बैठक र कार्यशाला तथा फिल्ड अवलोकन नोट, हरि सुवेदी २०८१ ।

# हिमाली गाउँपालिकामा पाइने जडीबुटीहरु


हल्दी


चिराइतो


सतुवा


टिमुर


सेतो चिनी


जटामसी


कटुकी


रातो च्याउ


गुच्ची च्याउ


सुगन्धवाल


पदमचाल्नो


भूतकेश


डाले चुक


जैतुन


कालादाना

# हिमाली गाउँपालिकामा पाइने जडिबुटीहरु

| | | | |
|---|---|---|---|
|  घ्यूकुमारी |  चालचिनी |  तामपाते |  पतिनु |
|  पाँच औले |  पाखनवेद |  भोजपत्र |  यार्सागुम्बा |
|  लसुन |  लोक्ता |  लौठसल्ला |  विकजरा |
|  सिलाजित |  सुनपाते |  वन लसुन |  हहल्या |

बहुमुल्य जडीबुटीहरूको दिगो
उत्पादन, संरक्षण, संकलन,
प्रशोधन र बजारीकरण
गरी दिगो आयआर्जन
सुनिश्चित गरौँ ।